# साँफेबगर राजपत्र

साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ३ मिति २०७८ चैत्र ०६

## भाग १

### साँफेबगर नगरपालिकाको

### सूचना

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ :

## लघु, घरेलु तथा साना उद्योग ऐन, २०७८

**प्रस्तावना:** साँफेबगर नगरपालिकाको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई राष्ट्रिय उत्पादकत्व र रोजगारीका अवसरमा

अभिवृद्धि गर्न, नगरपालिकामा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग प्रवर्द्धनमा जोड दिदै औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को (घ) मा व्यवस्था भए अनुरुप नेपाल संविधानको धारा २२६ (१) वमोजिम साँफेबगर नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " साँफेबगर नगरपालिकाको लघु, घरेलु तथा साना उद्योग ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भए पश्चात लागु हुनेछ ।

(३) यो ऐन साँफेबगर नगरपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ख) "उद्योग" भन्नाले दफा १२ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "घरेलु उद्योग" भन्नाले दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले नगरपालिकालाई सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले साँफेबगर नगरपालिका सम्झनुपर्छ ।

(ज) "बिषयगत शाखा" भन्नाले साँफेबगर नगर कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ट) "लघु उद्यम" भन्नाले दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिमका उद्योग सम्झनु पर्छ ।

(ठ) "सदस्य सचिव" भन्नाले उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ड) "समिति" भन्नाले नगरपालिकाको "उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समिति" सम्झनु पर्दछ ।

(ढ) "साना उद्योग" भन्नाले दफा १२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ण) "संयोजक" भन्नाले उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(त) "स्थिर पूजी" भन्नाले दफा १२ बमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

## परिच्छेद - २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनुपर्नेः** (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगले यस ऐन बमोजिम उद्योग दर्ता भएको मानिनेछ ।

तर यसरी दर्ता भइ संचालनमा रहेका उद्योगहरुलाई नगरपालिकामा सुचिकृत गराउनु पर्नेछ ।

(३) दर्ता शुल्क तोकिए बमोजिम हुनेछ ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्नेः** (१) उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने नगरपालिका समक्ष ताकिएको ढाँचामा निवेदन दिनु पर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) विदेशी लगानीमा उद्योग सञ्चालन गर्ने भए विदेशी लगानी स्वीकृति भएको पत्र,

(च) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौताको प्रतिलिपि,

(छ) उद्योग स्थापना गर्ने वडाको सिफारिस,

(ज) कुनै उद्योग स्थापनाका लागि पुर्व अनुमति लिनु पर्ने भए सो अनुमति पत्र

(झ) नगरपालिकाले तोकेको अन्य आवश्यक कागजात ।

(२) उपदफा (१) मा जुनसुकै कुराले खिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट तीन महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ ।

५. **<u>उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः</u>** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको एक्काइस दिनभित्र नगरपालिकाले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका

अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ :-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगले संचालन गर्ने उद्देश्य तथा कार्यहरु,

(ङ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु ।

(३) यस दफा बमोजिम दर्ता भएको उद्योगले नगरपालिकाले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

६. **व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग

दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा नगरपालिकाले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३)

बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(५) उपदफा (४) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा नगरपालिकाको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाण पत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

७. **अनुगमन गर्नेः** (१) नगरपालिका वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) नगरपालिका वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी नगरपालिकाले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

८. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्नेः** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई नगरपालिका समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ र अनुमती प्राप्त भए पश्चात मात्र उद्योग स्थानान्तरण गर्नुपर्नेछ ।

९. **विवरण उपलब्ध गराउनु पर्नेः** प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१०. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्नेः** यस ऐन बमोजिम दर्ता भएको उद्योग

उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी नगरपालिकालाई दिनु पर्नेछ ।

११. **<u>उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने</u>:** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि नगरपालिका समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ । तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारख गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद - ३

## उद्योगको वर्गीकरण

१२. **<u>उद्योगको वर्गीकरणः</u>** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

**(क) लघु उद्यम**: देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ : -

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता

बीस किलोवाट वा सोभन्दा कम रहेको ।

(ख) **घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(ग) **साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग वा संघीय कानुनले साना उद्योग भनी परिभाषीत गरिएका उद्योगहरु ।



साँफेबगर नगरपालिका

(२) उपदफा (१) उल्लेखित बिभिन्न उद्योगहरुको बिस्तृतीकरण अनुसुची १ बमोजिम हुनेछ ।

## परिच्छेद-४

## उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१३. **उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिः** नगर कार्यपालिकाले नगरक्षेत्रको समग्र उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापनसम्बन्धी कार्यको संयोजन गर्न कार्यकालिकाको सदस्यको संयोजकत्वमा बढीमा सात सदस्यीय उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन व्यवस्थापन समिति गठन गर्नेछ ।

१४. **उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण

सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) नगरपालिकाकाको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गन नगरपालिकाका समक्ष सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ङ) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई



साँफेबगर नगरपालिका

आइपरेमा सोको निराकरण गर्ने,

(च) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने ।

**१५.** **छुट, सुविधा वा सहुलियतको प्रत्याभूतिः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

## परिच्छेद-५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१६.** **सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा नगरपालिकाको कार्यालयले तोकिए बमोजिम आवश्यक अनुगमन, छानबिन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता गराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा नगरपालिकाका कार्यालयले त्यस्तो उद्योग

स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा एक महिनाको समय दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई नगरपालिकाका कार्यालयले देहायको कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरे को उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यमस्तरको भए दशहजार देखि पच्चीस हजार रुपैंयाँ सम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैंयाँसम्म, जरिबाना गर्ने ।

(३) दफा ९ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध

नगराएमा नगरपालिकाले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछ :-

(क) लघु उद्यमलाई पाँच हजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रुपैयाँको दरले,

(४) यस ऐन बमोजिम नगरपालिकाले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा देहायको उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछ :-

(क) लघु उद्यमको हकमा पच्चीस हजार देखि एक लाख रुपैंयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाख देखि पाँच लाख रुपैंयाँसम्म,

(५) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गने अधिकारप्राप्त

अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न पन्ध्र दिनको समय दिनुपर्नेछ ।

१७. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** दफा १६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद -६

## विविध

१८. **नियम बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१९. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः** नगरपालिकाका कार्यालयले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

अनुसूची-१

*(दफा १२ (२) सँग सम्बन्धित)*

**(क) अनुमति लिनुपर्ने उद्योगहरु**

१. ढुंगा गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने

२. प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

**(ख) घरेलु उद्योगहरु**

१. ह्याण्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, काँस जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी,

खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु बहुमूल्य, अर्ध- बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),

८. छालाबाट हस्त निर्मित वस्तुहरु,

९. बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१० पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु),

११. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१२. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

**(ग) ऊर्जा मुलक उद्योग**

१. विद्युत प्रसारण लाइन,

२. विद्युत वितरण प्रणाली ।

**(घ) कृषि तथा वन पैदावारमा आधारित उद्योग**

१. फलफूल खेती वा फलफूल प्रशोधन,

२. खाद्यवस्तु प्रशोधन,

३. पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

४. दूध उद्योग (दूधका परिकार उत्पादन समेत),

५. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग, ६.जडिबुटी खेती, जडिबुटी प्रशोधन,

७. तरकारी बीउ बिजन उत्पादन,

८. तरकारी खेती, तरकारी प्रशोधन,

९. हरित गृह स्थापना र सञ्चालन,

१०. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

११. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

१२. नर्सरी व्यवसाय,

१३. शीत भण्डार, कृषि बजार १४. सामुदायिक, कबुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,

१५. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तै: ऊखु, कपास,सजिवन, सुर्ती, जुट, अलैंची, अदुवा, तेलहन र यस्तै मसलावाली, दलहन आदि),

१६ बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

१७. वनस्पति उद्यान स्थापना र व्यवस्थापन,

१८. वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

१९. बीउबिजन प्रशोधन,

२०. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित ।

**(ङ) निर्माण उद्योग**

१. सडक, पुल, सुरुङ्ग,

२. रोपवे,

३. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,



साँफेबगर नगरपालिका

४. सभा सम्मेलन केन्द्र,

५. ढल तथा ढल निकास,

६. खानेपानी आपूर्ति तथा वितरण,

७. सिँचाइ पूर्वाधार,

८. खेलकुद गृह, रङ्गशाला,

९ सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

१०. निर्यात प्रशोधन क्षेत्र,

११. विशेष आर्थिक क्षेत्र,

१२. दूषित पानी प्रशोधन केन्द्र,

१३. घर तथा आवास भवन,

१४. व्यापारिक कम्प्लेक्स ।

**<u>(च) पर्यटन उद्योग</u>**

१ पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर,

३. साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग, घोडचढी,

४. ग्रामीण पर्यटन, होम स्टे तथा पर्यावरणीय पर्यटन,

५. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

७. मनोरञ्जन पार्क, लघु,

**(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग**

खण्ड (१) सूचना प्रविधि उद्योग:

(क) टेक्नोलोजी पार्क,

(ख) आई.टि. पार्क,

(ग) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,

(घ) तथ्याङ्क प्रशोधन,

(ङ) साइवर क्याफे, खण्ड

(२) सूचना संचार प्रविधिमा आधारित उद्योग

(क) इन्टरनेट,

(ख) टेलिफोन, मोवाईल टेलिफोन, मोवाईल स्याटलाइट टेलिफोन, खण्ड

(३) सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

(क) एफ.एम. रेडिया

(ख) केबुल टेलिभिजन,

(ग) आइपिटिभी, अनलाइन सेवा,

(घ) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(ङ) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेलक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण ।,

**(ज) सेवामूलक उद्योग**

१. यान्त्रिक कार्यशाला (वर्कशप),

२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,

३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,

४ चलचित्र निर्माण व्यवसाय,

५. प्रदर्शनी सेवा,

६ सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

७. निर्माण व्यवसाय,

८. सार्वजनिक यातायात व्यवसाय,

९ फोटोग्राफी,

१०. अस्पताल,

११ नर्सिङ्ग होम,

१२. शिक्षण एवं प्रशिक्षण संस्था,

१३. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

१४. प्रयोगशाला,

१५. खेलकूद सेवा,

१६. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),

१७. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,

१८. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन,

१९. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

२०. पशु चिकित्सा सेवा,

२१. ब्याट्री रिचार्जिङ्ग,

२२. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

२३. निर्माण भइसकेका पूर्वाधारहरुको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्ति, गोदामघर तथा भण्डारण, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, रोपवे, सडक,

सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह) आदि सेवा सञ्चालन गर्ने) व्यवसायहरु,

२४. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,

२५ कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

२६. कार्गो व्यवसाय,

२७. कुरियर सेवा,

२८. ड्राइक्लिनिङ्ग व्यवसाय,

२९. व्यूटी पार्लर,

३०. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

३१. प्रकाशन सेवा,

३२. विज्ञापन सेवा,

३३. विज्ञापन सामग्री तयार गर्ने सेवा,

३४. समाचार सम्प्रेषण सेवा,

३५. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,

३६. स्वास्थ्य (हेल्थ) क्लव,

३७. पानी ढुवानी तथा वितरण सेवा,



साँफेबगर नगरपालिका

३८. व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),

३९. व्यापारिक कम्प्लेक्स सञ्चालन,

४०. वैदेशिक रोजगार सेवा

४१. सिनेमा हल,

४२. सिलाई बुनाई,

४३. अनुसन्धान तथा विकास सेवा ।

**(झ) नगर प्राथमिकता प्राप्त उद्योग**

१. उर्जामूलक उद्योगहरु,

२. कृषि तथा वन पैदावारमा आधारित उद्योग,

३. घरेलु उद्योग ।

आज्ञाले
लक्ष्मी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका